स्थानीय सरकार

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, सुनसरी

प.सं.-२०८३/०८४
च.नं.-

मितिः-२०८३/०६/२१

## शिलबन्दी बोलपत्र आह्वानको सूचना!!!!
## प्रथम पटक प्रकाशित सुचना मिति : २०८३/०६/२२

यस दुहबी नगरपालिका अन्तर्गत तपसिल बमोजिमका आ.व.२०८३/८४ को लागि मिति २०८४ जेष्ठ मसान्त सम्म को लागि शिलवन्दी बोलपत्र द्धारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक व्यक्ति, संस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलवन्दी वोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सुचना प्रकाशित गरीएको छ ।

| (रा.ठे.नं.) | ठेक्का शिर्षक | उत्खनन गर्न पाउने अधिकतम परिमाण | न्यूनतम ठेक्का अंक मू.अ.कर समेत बार्षिक रु. |
|---|---|---|---|
| १९ | दुहवी नगरपालिका क्षेत्र भित्र पर्ने बुढी खोलाको(बि.ई.एस.)प्रतिवेदनमा उल्लेखित क्षेत्रहरु बाट उत्खनन हुने भरौट बालुवा तथआ व्यापारिक प्रयोजनको माटो बिक्रि कर | ८,६४१।६० घ.मि. | ४६,५३,३१२।- |

शर्तहरु

१. शिलवन्दी वोलपत्र साथ आफूले कवोल गरेको ठेक्का अंकको नेपाली नागरिक भए ५% र गैर नेपाली नागरिक भए १०% धरौटी बापत रकम दुहवी नगरपालिकाको कार्यालयको एन.आई. एसिया बैंक दुहवी शांखामा रहेको धरौटी खाता नं. १०८२०५८४९९३७८००५) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंक जमानतको हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क वर्गको बैंक बाट जारी गरेको कम्तीमा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

२. शिलबन्दी बोलपत्र साथ वोलपत्रवालाले व्याक्तिको हकमा नेपाली नागरीकताको प्रतिलिपि र स्थायी लेखा नम्बर प्रमाण पत्र प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।सस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि आ.व.२०८१/८२को करचुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर रु.३०००। (फिर्ता नहुने गरी बोलपत्र फारम दुहवी न.पा. नगर कार्यपालिकाको कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सूचना जारी भएको २१ औं दिन सम्म २०८३/०७/११ गते ५:०० बजे सम्म र दर्ता मिति २०८३/०७/१२ गते १२ बजे सम्म दुहबी नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र सोहि दिन दिनको ३:०० बजे यस न.पा. कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६.शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. ठेकदारले संझौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा प्रचलित कानून बमोजिम औचित्य हेरी मु.अ.कर बाहेकको कबोल ठेक्का रकममा १० प्रतिशत सम्म छुट दिन सकिनेछ । एकमुष्ट रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा कबोल गरेको अंकलाई तिन किस्तामा विभाजन गरिने छ । यसरी कायम भएको तिन किस्ता मध्ये प्रथम किस्ता ठेक्का अंकको ५० प्रतिशत रकम संझौता अगावै र अन्य दुई किस्तालाई २५/२५ प्रतिशतमा विभाजन गरिनेछ र उक्त रकमको हकमा मिति २०८४ साल भाद्र मसान्त सम्म कायम रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंक बाट जारी गरिएको बैंक ग्यारेण्टि पेश गरी ठेक्का रकम दाखिला गर्दै जानु पर्नेछ ।

स्थानीय सरकार

# दुहवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी

कोशी प्रदेश, सुनसरी

प.सं.-२०८३/०८४

च.नं.-

मितिः-२०८३/०६/२१

८. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलप्रत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ।

९ नगरपालिकाले तोकि दिएको दर रेटमा फरक . नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ।

१०. प्रचलित कानून विपरीत हुने कुनै काम गरेमा जुनसुकै बखतपनि ठेका तोडी अन्य वैकल्पिक व्यवस्था गरिनेछ।यसरी ठेका तोडी अन्य व्यवस्था गर्दा पनि थप व्ययभार वा क्षति स्वयं ठेकेदारले व्यहोर्नु पर्नेछ।

११. तोकिएको स्थान बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाइने छैन।

१२. बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलि पल्ट दर्ता हुने तथा खोलिनेछ।

१३. कर संकलन कार्य गर्दा कुनै समस्या परेमा दुई पक्ष बिच आपसी छलफल गरी समाधान गरिनेछ। यसैको छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१४. एक फर्मको नाममा खरिद गरेको बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

१५. व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै प्रति घन फिट माटो बिक्री गर्ने हो भनी गरी दुवै नगरपालिका निवेदन दिनु पर्नेछ। सो सम्बन्धमा कार्यपालिकाले निर्णय गरी वार्षिक रूपमा एकमुष्ट शुल्क लिनेछ। अन्यको हकमा राजस्व संकलन गर्ने ठेक्का नगरपालिकाले ठेकेदार मार्फत गरिनेछ।

१६. खोला वा नदीले बहाव परिवर्तन गरी वा नगरी निजी जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाबाट बनेको खोला वा नदी किनारको ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको बिक्री गर्दा खोला वा नदीको दुबै तर्फ किनारा तर्फ रहेको प्राकृतिक स्रोतलाई प्रदेश राजपत्रमा उल्लेखित दररेटमा बिक्री गर्नु पर्दछ।

१७. खोलाबाट नदीजन्य पदार्थ उत्खनन् गर्दा प्राकृतिक स्रोतको दुरुपयोग सार्वजनिक तथा मानवीय आवासमा भौतिक क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ। संरचना साधनसामग्रीमा रहेको छिमेकीको जग्गा संरचना कुइने नहर सडक सार्वजनिक तथा व्यक्तिगत भवन लगायतका संरचनामा आदिमा कुनै किसिमको असर नपर्ने गरी उत्खनन् गर्नु पर्नेछ।

१८. आ.व २०८३/८४ मा स्थानीय निकायले ठेक्का व्यवस्थापन गरी बालुवा भरौट,माटो उत्खखन संकलन,प्रशोधन र विक्रि वितरण गर्दा प्रचलित कानून उल्लंघन गरेमा नगरपालिकाले विवरण खोली अनुसूची १६ बमोजिम जरिवाना लगाउने र उसुल उपर गरिनेछ।

१९. सार्वजनिक जग्गा र खोला नदि किनारको/बाहेक व्यक्तिको निजी स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन गर्दा निम्न कुरामा ध्यान दिई उत्खनन गर्नुपर्नेछ।

क. साँध सिमानामा पर्ने जग्गा धनिको लिखित स्वीकृत भएको हुनु पर्नेछ,

ख. माटो उत्खखन बाट प्राकृतिक श्रोतको दुरुपयोग,सार्वजनिक तथा मानविय वासस्थान,भौगोलिक संरचना,साँध सिमानामा रहेको छिमेकिको जग्गाको संरचना,कुलो नहर,सडक,सार्वजनिक तथा व्यक्तिगत भवन लगायतका संरचना आदिमा असर हुने गरी उत्खनन गर्न पाइने छैन।

२०. नदिजन्य पदार्थ उत्खनन गर्दा, Heavy Equipment प्रयोग गर्न पाइने छैन तर कतिपय स्थानमा मेसिनको प्रयोग विना उत्खनन गर्न नसकिने अवस्था भएमा नगरको पूर्व स्विकृती लिएर मात्र Heavy Equipment प्रयोग गर्न सकिने छ।

२१. अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।